“तिमीहरूले अल्लाह र उहाँका रसूलप्रति विश्वास नगरेसम्म स्वर्गमा प्रवेश गर्ने छैनौ, र तिमीहरूले एकअर्कासँग प्रेम नगरेसम्म तिमीहरूको आस्था पूर्ण हुने छैन। के म तिमीहरूलाई एउटा यस्तो कुरा नबताऊँ, जुन यदि तिमीहरूले गर्न थाल्यौ भने तिमीहरू आपसमा माया गर्नेछौ? तिमीहरू आपसमा सलाम (शान्तिको अभिवादन) फैलाऊ।”

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “तिमीहरूले अल्लाह र उहाँका रसूलप्रति विश्वास नगरेसम्म स्वर्गमा प्रवेश गर्ने छैनौ, र तिमीहरूले एकअर्कासँग प्रेम नगरेसम्म तिमीहरूको आस्था पूर्ण हुने छैन। के म तिमीहरूलाई एउटा यस्तो कुरा नबताऊँ, जुन यदि तिमीहरूले गर्न थाल्यौ
भने तिमीहरू आपसमा माया गर्नेछौ? तिमीहरू आपसमा सलाम (शान्तिको अभिवादन) फैलाऊ।”
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, स्वर्गमा आस्थावानहरू मात्र प्रवेश गर्नेछन् र साथै एकअर्कालाई प्रेम नगरेसम्म नत आस्था पूर्ण हुन्छ नत मुस्लिम समाजको अवस्था सुध्रिन्छ । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले प्रेमलाई सुदृढ र प्रगाढ बनाउने सर्वोत्तम कुराको मार्गदर्शन गर्नुभयो, त्यो हो मुस्लिमहरूबीच सलाम गर्ने व्यवहार फैलाउनु, जसलाई अल्लाहले भक्तहरूको लागि अभिवादनका रूपमा निर्धारित गर्नुभएको छ।

http://www.sunnah.global/hadeeth/ne/show/3361